# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १३/ ०८०/ ०८१ मितिः२०८०/ ०८/ २२

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष, वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष, वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष, वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष, वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**बैठक संख्या १२/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २080/०८/२२**

मिति २०८० साल मंसिर २२ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **म्याद थप सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको नदीजन्य पदार्थको उत्खनन तथा विक्री सम्बन्धि ठेक्का अन्तर्गत ठेक्का नं AM/IR/02/080/081 र AM/IR/04/080/081 बिरिङ्ग तथा ठूलो नेते खोलाबाट नदीजन्य पदार्थको उत्खनन तथा विक्री सम्बन्धि ठेक्का स्वीकृति प्राप्त ठेकेदार पाथिभरा केरियर प्रा.लि. इटहरीलाई सम्झौताका लागि नगर कार्यपालिकाको कार्यालयबाट मिति 2080/08/15 गते ७ दिनको म्याद दिई पत्राचार गरिएकोमा उक्त फर्मले मिति 2080/08/21 गते पत्र लेखी १५ दिनको म्याद माग गरेकोमा बिरिङ्ग नदीको ठेक्काका लागि उक्त एकमात्र फर्मले ठेक्का प्रस्ताव गरेको र ठूलो नेते खोलामा समेत सोही फर्मले अधिक मूल्य कबोल गरी ठेक्का प्रस्ताव गरेकोमा एक पटकका लागि ठेक्का सम्झौताका लागि निजले माग गरे बमोजिमको म्याद दिने र उक्त अवधिमा समेत उक्त फर्मले सम्झौता गर्न नआएमा प्रचलित कानून बमोजिमको अन्य प्रक्रियामा जाने निर्णय गरियो ।

२. **प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका कार्यालय समेतलाई विपक्षी बनाई सम्मानित झापा जिल्ला अदालतमा दर्ता भएको रिट नं 080- WO- 0024, 080- WO- 0025, 080- WO- 0026, मुद्दाका सम्बन्धमा नगरपालिकाको कार्यालयको तर्फबाट जवाफ पेश गर्न, छलफलमा भाग लिन, प्रमाण पेश गर्न लगायतको कार्यका लागि कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्न कार्यालयका कानून अधिकृत श्री प्रसून शर्मालाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

साथै, आगामी दिनमा यस अर्जुनधारा नगरपालिकाको कार्यालय समेतलाई विपक्षी बनाई सम्मानित अदालतमा दर्ता हुने मुद्दामा नगरपालिकाको कार्यालयको तर्फबाट जवाफ पेश गर्न, छलफलमा भाग लिन, प्रमाण पेश गर्न लगायतको कार्यका लागि कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्नका लागि प्रतिनिधि तोक्न कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।